Fax: 4262744, 4262998
E-mail: rssmail@rss.com.np
rssadm@rss.com.np
acc@rss.com.np

# राष्ट्रिय समाचार समिति
# National News Agency
Central Office

Tele
G.M. :- 4262736
News Sec. :- 4262550
Reporting Sec :- 4262628
Account Sec :- 4262539
Adm. Sec :- 4262724
Computer sec :- 4250673
P.O.Box :- 220

Singhdurbar Plaza
Kathmandu, Nepal

च.नं. ४१/०७६/७७

मिति : २०७६।०५।०५

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
प्रेस तथा सूचना समन्वय शाखा
सिंहदरबार, काठमाडौं ।

विषय : मासिक प्रगति विवरण पेश गरिएको सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस समितिमा २०७६ साल साउन महिनामा यसै पत्रसाथ संलग्न विवरणबमोजिम कार्यसम्पादन भएको व्यहोरा जानकारी गराउँदछु ।

(ओपेन्द्र शर्मा)
महाप्रबन्धक

# राष्ट्रिय समाचार समिति (रासस)

## साउन महिनाको मासिक प्रगति विवरण

(क) **समाचार सेवातर्फ (समाचार, फोटो र अडियो सम्पादन तथा सम्प्रेषण विवरण)**

| क.सं. | समाचार सेवा | सम्प्रेषित समाचार संख्या | कैफियत |
|---|---|---|---|
| १ | नेपाली समाचार | २८९१ | |
| २ | अङ्ग्रेजी समाचार | ८६८ | |
| ३ | अन्तर्राष्ट्रिय समाचार | ३३७ | |
| ४ | तस्वीर (फोटो) सेवा | २१९४ | |
| ५ | अडियो (श्रव्य) सेवा | ४३८ | |

(ख) **नीति, योजना, कार्यक्रम तथा बजेट व्यवस्थापनतर्फ**

१. आर्थिक वर्ष २०७६/७७ को बजेट कार्यान्वयनका सन्दर्भमा समितिमातहतका विभागीय बैठक तथा मन्त्रालयस्तरीय बैठकमा सक्रिय सहभागी भएको ।

२ आर्थिक वर्ष २०७५/७६ को बजेट समीक्षा गरी आ.व. २०७६/७७ का लागि नयाँ नीति तथा कार्यक्रमलाई प्रभावकारी तथा उपलब्धिमूलक बनाउन सरोकारवाला पक्षसँग चरणवद्ध रुपमा छलफल गरेको ।

(ग) **भौतिक सम्पत्तिको संरक्षण तथा संवर्द्धनतर्फ**

१. रासस कार्यालय तुलसीपुर, दाङको हाताभित्र रहेको जग्गामा व्यावसायिक सटर/कवल निर्माण कार्यको स्थलगत निरीक्षण गरी आवश्यक निर्देशन दिएको । रासस परिसर तुलसीपुर कार्यालय हाताभित्रको जग्गा अतिक्रमण हुनबाट जोगाउने क्रममा सम्वन्धित वडाका वडाध्यक्ष, स्थानीय राजनीतिक नेतृत्वसहित कार्यालय प्रमुख र सञ्चारकर्मी, दाङ जिल्लाका प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखसँग छलफल तथा अन्तरक्रिया गरी सम्वन्धित पक्षलाई आश्वस्त तुल्याउने प्रयास गरेको ।

२. स्थानीय मेची नगरपालिकाको सहयोगमा रासस कार्यालय भद्रपुर, झापामा मर्मतसम्भार तथा रङरोगन गरेको ।

३. रासस केन्द्रीय कार्यालयमा लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेका पुराना सवारी साधन, कम्प्युटर, फर्निचर, दराजलगायतका पुराना सामानहरू नियमानुसार लिलाम विक्री गरेको ।

(घ) **जनशक्ति व्यवस्थापनतर्फ**

१. आर्थिक वर्ष २०७६/७७ का लागि स्थानीय समाचारदाता (स्ट्रिङ्गर) नियुक्तिको मापदण्ड तयार गरी ७७ वटै जिल्ला समेटिने गरी १४० जना स्ट्रिङ्गरलाई नियुक्ति दिएको ।

२. लोकसेवा आयोगले रासससहित सार्वजनिक संस्थाको खुला तथा आन्तरिक प्रतियोगितामार्फत पदपूर्ति गर्न आफ्नो वार्षिक कार्यतालिका सार्वजनिक गरेसँगै विभिन्न सेवा, समूह र तहका लागि आवश्यक पाठचक्रम तयारीका क्रममा मस्यौदा उपसमितिले काम गरिरहेको ।

(ङ) **प्राविधिक सेवातर्फ**

१. सेवाग्राहीको सुझावबमोजिम न्यूजलाइन सफ्टवेयरलाई अद्यावदिक गरेको ।

२ विद्युतीय अभिलेखीकरण प्रक्रियअन्तर्गत यसअघि स्क्यानिङ गरिएका स्थापनाकालदेखि हालसम्मका समाचार सामग्रीलाई पठनीय र व्यवस्थित तुल्याउन विशेषज्ञमार्फत काम भइरहेको ।